स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक
**बागमती प्रदेश, नेपाल**
२०७३

प.स. २०८१/०८२ (प्रशासन शाखा) मिति : २०८२/०३/०४
च.न. ३८१२
श्री कार्यपालिका सदस्यज्युहरु ।

विषय : कार्यपालिका वैठकमा उपस्थित हुने सम्वन्धमा ।

प्रस्तुत विषयानुसार यस पाँचपोखरी थाङपाल गाउँपालिकाको मिति २०८२/०३/०८ गते आईतवारका दिन विहान १० बजे १४ औं गाउँकार्यपालिका वैठक हुने र उक्त वैठकमा तपशिल बमोजिमका विषयहरुमा छलफल हुने भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितका लागि हार्दिक अनुरोध छ ।

तपशिल
१. आगामी आ.व. ०८२/०८३ को वजेट नीति तथा कार्यक्रमका सम्वन्धमा ।
२. विविध समन्धमा ।

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- १४  बैठक मिति- २०८२/०३/०८

बैठक स्थान:- पाँचपोखरी गाउँपालिकाको कार्यालय

आज मिति २०८२/०३/०८ गते यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामा ज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:-

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री आलोक कुमार स्याङ्वो | सदस्य | (हस्ताक्षर) |
| ४ | श्री दावुलाल स्याङ्वो | सदस्य | (हस्ताक्षर) |
| ५ | श्री छिमा छिरिङ तामाङ | सदस्य | |
| ६ | श्री कुल बहादुर बस्नेत | सदस्य | (हस्ताक्षर) |
| ७ | श्री काले मोले | सदस्य | (हस्ताक्षर) |
| ८ | श्री नारायण भट्टराई | सदस्य | (हस्ताक्षर) |
| ९ | श्री सुके तामाङ | सदस्य | (हस्ताक्षर) |
| १० | श्री विष्णु बहादुर खड्का | सदस्य | (हस्ताक्षर) |
| ११ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १२ | श्री रीता तामाङ | सदस्य | |
| १३ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १४ | श्री कल्पना पण्डित | सदस्य | (हस्ताक्षर) |
| १५ | श्री टासी शेर्पा | सदस्य | (हस्ताक्षर) |
| १६ | श्री विमला विश्वकर्मा | सदस्य | (हस्ताक्षर) |
| १७ | श्री लक्ष्मण कुइँकेल | सचिव | (हस्ताक्षर) |

आमन्त्रित

१. राम प्र. न्यौपाने प्र.प्र. (हस्ताक्षर)

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १४ बैठक मितिः- २०८२/०३/०८

बैठक स्थानः- पाँचपोखरी गाउँपालिकाको कार्यालय

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिकाको निर्णय समिक्षा सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको मिति २०८२/०२/२१ गते भएको गाउँकार्यपालिकाको बैठकबाट भएका सवै निर्णयहरु कार्यन्वयन भएको सर्वसम्मत निर्णय गरियो । |
| २. | आ.व. ०८२/०८३ को वार्षिक नीति कार्यक्रमको सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति कार्यक्रमका सम्वन्धमा विभिन्न संघ संस्था तथा सर्वसाधारण व्यक्तिहरुबाट प्राप्त भएको राय सल्लाह सुझावलाई आजको कार्यपालिका बैठकमा व्यापक छलफल गर्दै १७ औं गाउँसभामा पेश गर्न सर्वसम्मत निर्णय गरियो । |
| ३. | आर्थिक ऐन २०८२ पेश गर्ने सम्वन्धमा । | यस गाउँपालिकाको आ.व. ०८२/०८३ का लागि राजस्व परामर्श समितिमा छलफल भई पेश हुन आएको आर्थिक ऐन २०८२, को गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्न सर्वसम्मत निर्णय गरियो । |
| ४. | विनियोजन ऐन २०८२ पेश गर्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०८२/०८३ का लागि कुल आय र कुल व्यय सहितको विनियोजन ऐन २०८२, १७ औं गाउँसभामा पेश गर्न सर्वसम्मत निर्णय गरियो । |
| ५. | वजेट वक्तव्य तथा वजेट पारित गरी अनुमोदनका लागि सभामा पेश गर्ने सम्वन्धमा । | आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसार तयार भएको वजेट वक्तव्य र वजेट तथा कार्यक्रम आजको कार्यपालिका बैठकबाट पारित गरिएकोले अनुमोदनका लागि गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ६. | न्यायीक समितिको प्रतिवेदन पारित गरी सभामा सम्वन्धमा । | आ.व. २०८१/०८२ मा न्यायीक समितिमा दर्ता भएका विवादहरु र फछ्यौट भएका विवाद लगाएत अन्य प्रतिवेदनहरु पारित गरिएकोले अनुमोदनका लागि गाउँसभाको १७ औं अधिवेशनामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ७. | कार्यविधि पास गर्ने सम्वन्धमा | विधायन समितिबाट छलफल भइ आएको विपद् व्यवस्थापन स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि ,२०८२ सर्वसम्मत निर्णय गरियो । |
| ८. | वडा नं. १ र २ निर्णय अनुमोदन सम्वन्धमा । | क) पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. १ र २ को वडा कार्यालयबाटे निर्णय भई आएका रकमान्तरसँग सम्वन्धीत निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>ख) पाँचपोखरी थाङपाल गाउँपालिका पर्यटन प्रवद्धन बोर्डको मिति २०८२/०३/०७ गते रकमान्तर सम्वन्धमा भएको निर्णय अनुमोदन गर्ने निर्याय गरियो । |
| ९. | आर्थिक सहायता दिने सम्वन्धमा । | आ.व. २०८१/२०८२ को गाउँसभाबाट आर्थिक सहायता कोष कार्यक्रममा विनियोजन भएको रु. १५ लाख मध्येबाट तपशिल बमोजिमका व्यक्तिलाई देहाय बमोजिमको रकम आगामी गाउँसभाबाट अनुमोदन हुने गरी आर्थिक सहायत दिने सर्वसम्मत निर्णय गरियो ।<br>१. सुवास पन्त रु. ५० हजार दक्षिणकाली नगरपालिका वडा नं.<br>२. भिम बहादुर तामाङ वडा नं. ३, रु. ३० हजार |

स्थानीय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकीय अधिकृत

पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १४ बैठक मितिः- २०८२/०३/०८

बैठक स्थानः- पाँचपोखरी गाउँपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | | ३. राम कृष्ण जैसी वन्जरा वडा नं. ६, रु. २० हजार<br>४. आशिस कार्की वडा नं. ८ , २० हजार<br>५. सरिता भट्टराई वडा नं. ६, २० हजार |
| १०. | घ वर्गको इजाजत पत्र दिने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ नाम्लाङ इन्जिनियरिङ कन्सट्रक्सनको नियमानुसार कागजात पुरा भएकाले घ वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो । |
| ११. | सडकमा ग्राभेल हाल्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ८ मा रहेको लागचें वैकल्पिक सडकमा ग्राभेल राख्ने सर्वसम्मत निर्णय गरियो । |
| १२ | सडक मर्मतका लागि स्काभेटर भाडामा लिने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाका वडा नं. ३, ४, ५, ६, ७ र ८ का मुख्य सडकहरु वर्षातको समयमा बाडीपहिरोका कारण वन्द हुने भएकाले मर्मत संभार गर्नका लागि एउटा सानो जेसिवी र स्काभेटर भाडा लिई काममा लगाउन प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो । |
| १३. | सडक मर्मतको भुक्तानी सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका अन्तर्गत गाईपाईले देखि गाउँपालिका हुदै गुन्सा सडक र लप्सेडाँडा थाङपालकोट सडक मर्मत संभार भएकाले प्राविधिकको विल र वडा समितिको निर्णयका आधारमा रु. ८५ हजार गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो । |
| १४. | रकमान्तर सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाका वडा नं. ८ खाल्डे उत्तिसघारी योजनाको रकम गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो । |
| १५. | कार्य क्षेत्र पर्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाका ८ वटै वडाहरुको पायक पर्ने ठाउं मेलम्ची नगरपालिकामा भएकाले उक्त क्षेत्रमा मालपोत र नापी कार्यालय राख्दा यस गाउँपालिकालाई उपयुक्त हुने भएकाले कार्यालय राख्न अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| १६. | जग्गा पासका लागि अनुरोध गर्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. २ मा रहेको वरुवा स्वाथ्य चौकी नाममा समुदायबाट निशुल्क जग्गा दान भइ आएकाले उक्त सरकारी संस्थाको नाममा जग्गा पास गर्नको लागि जिल्लामा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । |
| १७. | सुविधा प्रदान गर्ने सम्वन्धमा । | स्वास्थ्य संस्थाहरुका बर्थिङ सेन्टरमा २४ घण्टा प्रसुति सेवा तथा अफिस समय बाहेक अन्य आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नको लागी पनि स्वास्थ्य संस्थामानै रहि कामकाज गर्ने स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरुप खाना/ खाजा खर्च रकम |

स्थानिय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कट्टेल प्रमुख प्रशासकीय अधिकृत

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १४ बैठक मितिः- २०८२/०३/०८

बैठक स्थानः- पाँचपोखरी गाउँपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | | संकलन सूची बमोजिम स्वास्थ्य संस्थाको कागजात, काम गरेको अवधी सहित सिफारिसको आधारमा प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>१. SBA तालिम प्राप्त नर्सिङ स्टाफ प्रमुख प्रसूती कर्ता २४ घण्टा बर्थिङ मा नै बस्ने र आकस्मिक सेवा समेत प्रदान गर्ने लाई रु.३,०००। प्रति महिना निमानुसार कर कटी गरेर ।<br>२. तालिम प्राप्त प्रमुख प्रसूती कर्ता घरमा बसेर प्रसूतिको समय र अन्य कर्मचारी नहुँदा मात्र आकस्मिक सेवा दिनु परेमा कार्य गर्ने लाई रु.१,५००। प्रति महिना निमानुसार कर कटी गरेर<br>३. नर्सिङ स्टाफ प्रसूति कार्यमा सहयोग गर्ने लाई रु.१,५००। प्रति महिना निमानुसार कर कटी गरेर ।<br>४. स्वास्थ्य संस्थामा नै बसि आकस्मिक सेवा प्रदानमा सहभागी हुनेको लागि रु.२,०००।, स्वास्थ्य चौकीमा र रु.१,०००। सामुदायिक स्वास्थ्य इकाईमा कार्यरतको आधारमा ।<br>५. अस्पतालमा आकस्मिक सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरु २ जना सम्मलाई रु.३,०००। प्रति महिना निमानुसार कर कटी गरेर ।<br>६. बर्थिङ सेन्टरमा प्रसूति भएको संख्याको आधारमा सरसफाई गरे वापत प्रति प्रसूति रु. २००। निमानुसार कर कटी गरेर । |
| १८. | विज्ञापन रद्द गरिएको सम्वन्धमा । | यस पाँचपोखरी थाङपाल गाउँपालिकाबाट मिति २०८१/१२/२५ गते वडा नं. ७ का लागि गरिएको विज्ञापन नं. ०८/२०८१/०८२ को कार्यालय सहयोगी पदको विज्ञापन विविध कारणवस रद्द गर्ने सर्वसम्मत निर्णय गरियो । |
| १९. | ज्यालादारीमा काममा लगाउने सम्वन्धमा । | यस पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. १ कार्यालयको वडा समितिको मिति २०८२/०२/२५ गतेको निर्यण र मिति २०८२/०३/०३ गतेको वडा कार्यालयको सिफारिस अनुसार बाँसखर्क कृषि तथा पशु सेवा ईकाईमा श्रेणी विहिन स्थायी पदमा कार्यरत रही अनिवार्य अवकास भएका श्री मंगले बोम्जन तामाङलाई ज्यालादारीमा काममा लगाउँदा सार्वजनिक सेवा प्रवाह पनि सरल र छिटो छरितो हुने र सरकारी खर्चमा समेत मितव्यायी हुने भएकाले मिति २०८२/०३/०१ गते देखी लागु हुने गरी दैनिक ज्यालादारीमा काममा लगाउन प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो । |
| २०. | सहकारी खारेजी सम्वन्धमा । | यस गाउँपालिकामा कार्यक्षेत्र बनाई दर्ता भएका सहकारी संस्थाहरु मध्ये निशकृय अवस्थामा रहेका र संस्थाको पूँजी तथा दायित्व र सम्पत्ति तथा जायजेथा शुन्य रहेका तपिशलमा उल्लेखित सहकारी संस्थाहरु संघीय सहकारी ऐन २०७४ तथा यस गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ६६(२) अनुसार खारेजी गर्ने निर्णय गरियो । |

पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालय

लक्ष्मण कट्टेल

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

**पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका**

**आ.व. २०८१/०८२**

**बैठक नं.- १४  बैठक मितिः- २०८२/०३/०८**

**बैठक स्थानः- पाँचपोखरी गाउँपालिकाको कार्यालय**

| | | |
|---|---|---|
| | | तपशिल<br>१. माम्साङ बचत तथा ऋण सहकारी संस्था लि. (दर्ता नं ८२८/०६२/०६३) वडा नं ५<br>२. सुर्योदय सामुदायिक वन सहकारी संस्था लि. (दर्ता नं १२२७/०६५) वडा नं ६<br>३. पशुपति कृषि सहकारी संस्था लि. (दर्ता नं १५२५/०६७/०६८) वडा नं ६ |
| २१. | वस्ती छनौट गरी नगद अनुदान दिने सम्वन्धमा । | बहुक्षेत्रिय पोषण कार्यक्रम अर्न्तगत सुनौला १००० दिनका विपन्न महिलाको पोषण सुधारको लागि गाउँपालिकाका वडा नं. १, ५, ६, ७ र ८ का महिलाहरुको आय आर्जनका लागि माथि उल्लेखित वडाहरुका समुह/वस्ती छनौट गर्ने र उक्त वडाहरुमा हाल वसोवास गर्ने सुनौला १००० दिनका परिवारहरुलाई सहकारी मार्फत स्वास्थ्य संस्था र वडा कार्यालयको विपन्न सिफारिसको आधारमा रु. २५ हजारका दरले कार्यविधि अनुसार नगद अनुदान प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । |
| २२. | रकमान्तर सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत रहेका तपशिल बमोजिमका कार्य गर्न रकम नपुग भएकाले आ.व. २०८१/२०८२ को गाउँसभावाट **पतेरी खोला देखी हाँडीलासम्म सडक स्तरोउन्नती शिर्षकमा** विनियोजन भएको रु. १२,४३२,३५५।०० मध्येवाट भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।<br>१. खाल्डे खोला कोशेली घर तथा भोटेनाम्लाङ मावि फर्निचर रु. ६ लाख ३ हजार<br>२. मोटर साईकल मर्मत रु. ५० हजार |

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण कट्टेल
प्रमुख प्रशासकिय अधिकृत

CS CamScanner